# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या- ६४९ मिति: २०७२/१०/३

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंक र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

विषयः परिवर्त्य बिदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धमा ।

महाशय,

तपसिलमा लेखिएको प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको बैंक ग्यारेण्टी (Bid Bond, Performance Bond इत्यादि) समेत जारी गर्न यस बैंकको सटही अनुमति लिई रहनु नपर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

तपसिल

१. नेपालस्थित कुनै निकायले माल बस्तु वा सेवा खरिद गर्दा सोको भुक्तानी बिक्रीकर्तालाई परिवर्त्य विदेशी मुद्रामा नै गरिने व्यवस्था छ भने त्यस्तो मालवस्तु वा सेवा खरिद गर्ने प्रयोजनको लागि जारी गरिने बैंक ग्यारेण्टी ।

२. यस बैंकबाट इजाजत लिई विप्रेषण गर्ने कार्यमा संलग्न निकायलाई आफनो प्रिन्सिपल (Principal) कम्पनीबाट अग्रिम भुक्तानी प्राप्त गर्ने प्रयोजनका लागि आवश्यक पर्ने बैंक ग्यारेण्टी:
   - क) यस्तो बैंक ग्यारेण्टी अधिकतम अमेरिकी डलर २ लाखसम्मको मात्र हुनुपर्ने ।
   - ख) तोकिएको अग्रिम भुक्तानी प्राप्त भएपछि मात्र त्यस्तो बैंक ग्यारेण्टी Activate हुने बुँदा अनिवार्य रुपमा राख्नुपर्ने ।
   - ग) यसरी जारी भएको बैंक ग्यारेण्टीको जानकारी यस बैंकलाई दिनुपर्ने ।

३. यस बैंकबाट इजाजत प्राप्त ट्राभल एजेन्सीहरूलाई नेपालमा कार्यरत विदेशी एयरलाइन्सको एजेन्ट भई काम गर्न आवश्यक हुने बैंक ग्यारेण्टी ।

४. विदेशस्थित कुनै निकायलाई नेपालबाट बस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका व्यवसाय गर्न र सो प्रयोजनको लागि आवश्यक पर्ने अग्रिम भुक्तानी लिने प्रयोजन समेतको लागि सम्वन्धित व्यवसायीको अनुरोधमा इजाजतपत्र प्राप्त "क" वर्गका बैंकले जारी गर्ने विदेशी मुद्रा (भारतीय रुपैयाँ समेत) को बैंक ग्यारेण्टी (विड वण्ड, परफरमेन्स बण्ड इत्यादि) ।

५. उल्लिखित बैंक ग्यारेण्टी जारी गर्दा बैंक ग्यारेण्टीको आवश्यकता सम्बन्धी आधिकारिक कागजात लिनु पर्नेछ ।

६. बैंक ग्यारेण्टी जारी गरे पश्चात सिर्जना हुने सम्पूर्ण दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाकै हुनेछ ।

७. विदेशमा ऋण लिने प्रयोजनको लागि यस्तो बैंक ग्यारेण्टी जारी गर्न पाइने छैन ।

८. दावी परी भुक्तानी दिएको बैंक ग्यारेण्टीको विवरण भुक्तानी गरे लगत्तै यस विभागको निरीक्षण तथा अनुगमन फाँटमा पठाउनु पर्नेछ ।

९. (क) परिवर्त्य विदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धमा यस बैंकबाट जारी भएका देहाय बमोजिमका परिपत्रहरु खारेज गरिएको छन् :-

इ.प्रा.परिपत्र संख्या : ४४२ मिति : २०६३/१२/११

इ.प्रा.परिपत्र संख्या : ५०४ मिति : २०६६/४/१८

(ख) खण्ड (क) बमोजिम खारेज गरिएका परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

वोधार्थ:
१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. बैंक सुपरिवेक्षण विभाग ।
६. वित्तीय संस्था सुपरिवेक्षण बिभाग ।
७. आन्तरिक लेखा परिक्षण विभाग ।
८. सूचना प्रविधि विभाग ।
९. नेपाल बैंकर्स संघ ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसियसन, काठमाण्डौं ।
११. नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. नेपाल उद्योग परिसंघ ।
१३. नेपाल च्याम्बर अफ कमर्स ।